# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ८) सङ्ख्या : १४ प्रकाशित मिति : २०८१/०५/३०


## भाग–२

## सिद्धिचरण नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**स्वीकृत मिति: २०८१/०५/२६**

**प्रमाणीकरण मिति: २०८१/०५/२८**

**प्रस्तावना :** सिद्धिचरण नगरपालिकाको खेलकुद विकास प्रवर्द्धन र संरक्षणका लागि खेलकुदका माध्यमबाट शारीरिक स्वास्थ्य, मानसिक शान्ति र बौद्धिक विकास गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा ४(क) वमोजिम सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ।

### परिच्छेद– १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"सिद्धिचरण नगरपालिका नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि शैक्षिक संस्थाहरु क्लबहरु खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु र प्रशिक्षण केन्द्रहरुमा समेत लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"नगरपालिका"** भन्नाले सिद्धिचरण नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) **"कार्यविधि"** भन्नाले "सिद्धिचरण नगरपालिकाको नगर खेलकुद विकास समिति गठन तथा सञ्चलान सम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्छ ।

(ग) **"नगर खेलकुद विकास समिति"** भन्नाले यो कार्यविधिको दफा ४ वमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(घ) **"संयोजक"** भन्नाले नगर खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) **"सदस्य"** भन्नाले नगर खेलकुद विकास समितिको सदस्यलाई सम्झनु पर्छ ।

(च) **"सदस्य सचिव"** भन्नाले सिद्धिचरण नगरपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) **"कार्यपालिका"** भन्नाले सिद्धिचरण नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(झ) **"उप-प्रमुख"** भन्नाले सिद्धिचरण नगरपालिकाको उप–प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) **"वडा खेलकुद विकास समिति"** भन्नाले यो कार्यविधिको दफा (९) वमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ठ) **"तोकिए वा तोकिए वमोजिम"** भन्नाले यस कार्यविधिमा तोकिए वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(ड) **"खेलाडी"** भन्नाले टिम, क्लब, संघसंस्था तथा विभिन्न विद्याका स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल खेल्ने खेलाडीलाई सम्झनु पर्छ ।

(ढ) **"प्रशिक्षक"** भन्नाले सिद्धिचरण नगरपालिका द्धारा खेलकुद प्रशिक्षणमा सहभागी टिम, क्लब र संस्थाको खेल प्रशिक्षण समितिमा आवद्ध विषयगत खेलकुद प्रशिक्षक सदस्य सम्झनु पर्छ।

(ण) **"प्रशिक्षार्थी"** भन्नाले सिद्धिचरण नगरपालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी टिम, खेलाडी, क्लब तथा संस्थामा खेल सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ।

(त)**"प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिइने उपहार वा अनुदान वा सम्मान वा प्रशंसा पत्र वा पुरस्कारलाई सम्झनु पर्छ।

## परिच्छेद– २
## उद्देश्य

३. **खेलकुद समिति गठन गर्नको उद्देश्यहरु :** (१) नगरपालिका भित्रको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्नको लागि नियमित खेलकुद प्रशिक्षण गर्ने।

(२) नगर क्षेत्रभित्रको खेलकुद प्रतियोगिता सञ्चालन तथा सम्बद्ध खेल प्रशिक्षण निकाय बीच समन्वय गरि खेल विकास गर्न सहयोग गर्ने।

(३) खेलकुदको गतिविधिलाई संस्थागत रुपमा विकास गर्दै लैजाने।

(४) नगरपालिका भित्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडी उत्पादन गर्ने।

(५) टिम, क्लब तथा संघसंस्था विषयगत खेल प्रशिक्षण समिति र वडास्तरीय खेलकुद समितिको व्यवस्थापन गर्ने।

## परिच्छेद – ३
## खेलकुद समितिको गठन तथा काम, कर्तव्य र अधिकार

४. **नगर स्तरीय खेलकुद समितिको गठन :** (१) खेलकुदको विकास गर्नको लागि सिद्धिचरण नगरपालिकामा देहाय वमोजिमको १३ (तेह्र) सदस्यीय नगर खेलकुद विकास समिति गठन गरिनेछ :-

क)सिद्धिचरण नगरपालिकाको नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति
- संयोजक

ख) कार्यपालिका सदस्यहरु मध्ये नगर प्रमुखले मनोनित गरेको २ (दुई) जना
- सदस्य

ग) विभिन्न खेलकुद विद्याका विज्ञहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेका २ (दुई) जना महिला सहित ४ (चार) जना - सदस्य

घ) नगर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीहरु मध्ये कार्यपालिकाले मनोनित गरेको कम्तीमा १ (एक) महिला सहित ३ (तीन) जना - सदस्य

ङ)सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेका २ (दुई) जना - सदस्य

च)नगर स्तरका खेलकुद सम्बन्धी संघसंस्था तथा क्लबहरुबाट संयोजकले मनोनित गरेको १ (एक) महिला सहित कम्तीमा २ (दुई) जना - सदस्य

छ)शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको व्यक्ति
-सदस्य सचिव

(२) समितले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुद क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

५. **नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार:** (१) नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमक हुनेछ :-

(क) स्थानीय स्तरको खेलकुदका लागि योजना निर्माण, सञ्चालन तथा विकास गर्ने।

(ख) खेलकुदको स्तर वृद्धि गर्न नगरपालिका भित्र विभिन्न विद्याका खेलकुद प्रतियोगिताको आयोजना सञ्चालन गर्ने/गराउने।

(ग) शिक्षण संस्थामा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउन सहजीकरण गर्ने ।

(घ) खेलकुद सम्बन्धी प्रशिक्षण प्रतियोगिता सञ्चालन तथा खेलकुदको उपयोगिता सम्बन्धमा प्रचार प्रसार गर्ने/गराउने ।

(ङ) खेलकुद सम्बन्धी प्रशिक्षण वा प्रतियोगितामा भाग लिन खेलाडी र समितिका सदस्यहरुलाई अन्य गाउँपालका, नगरपालिका, जिल्ला, प्रदेश वा संघमा सहभागी हुन पठाउन सिफारिस गर्ने ।

(च) नगर भित्रका उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहनका लागि नगर कार्यपालिलकामा सिफारिस गर्ने ।

(छ) टोल तथा वडा र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने/ गराउने ।

६. **संयोजकको काम, कर्तव्य र अधिकार :** (१) नगर खेलकुद विकास समिति संयोजकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ **:-**

क) समितिको बैठक आह्वान गर्ने ।

ख) समितिको बैठकको अध्यक्षता गर्ने तथा निर्णय कार्यान्वयनन गराउने प्रमुख दायित्व संयोजकको हुने।

ग) सदस्यहरुको जिम्मेवारी बाँडफाँड गर्ने ।

घ) समितिको समग्र कार्य प्रभावकारिताको लागि कार्ययोजना तयार गर्ने र कार्यान्वयननको निम्ती प्रस्ताव तयार गरि समितिमा पेश गर्ने ।

ङ) विभिन्न निकायले सञ्चलन गरेको खेलकुद प्रतियोगितामा नगरपालिकाको प्रतिनिधित्व गर्ने/गराउने ।

च) समितिको बैठक बस्न नसकेको अवस्थामा खेलकुद सम्बन्धी नगरपालिकामा गर्नु पर्ने सिफारिस गर्ने ।

७. **सदस्यको काम, कर्तव्य र अधिकार:** (१) नगर खेलकुद विकास समिति सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ **:-**

क) समितिको बैठकमा उपस्थित भई आफ्नो राय, सुझाव र धारणा राख्ने ।

ख) आफूलाई तोकिएको जिम्मेवारी निर्वाह गर्ने ।

ग) समितिको निर्णय कार्यान्वयननमा सहयोग गर्ने ।

घ) समिति वा संयोजकले तोकेको अन्य कार्य गर्ने ।

८. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** (१) नगर खेलकुद विकास समिति सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ **:-**

क) संयोजकको निर्देशन अनुरुप बैठकको कार्यसूचि तथा प्रस्ताव तयार गरि

समिति लाई पत्रचार गर्ने ।

ख) सम्बन्धीत विषयमा आवश्यक सूचना तथा तथ्यांक संकलन र विश्लेषण गरि समितिको बैठकमा पेश गर्ने ।

ग) समितिको कार्य सम्पादन प्रतिवेदन तयार गरि बैठकमा पेश गर्ने ।

घ) समितिको कामकारवाही तथा बैठकका निर्णयसँग सम्बन्धीत विषयको अभिलेख राख्ने ।

ङ) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

च) समितिको आर्थिक हिसाब चुस्त दुरुस्त राख्ने ।

छ) समिति वा संयोजकले तोकेको अन्य कार्य गर्ने/गराउने ।

९. **वडा स्तरीय खेलकुद समितिको गठन :** (१) वडा स्तरको खेलकुदको विकास गर्नको लागि सिद्धिचरण नगरपालिकाको प्रत्येक वडामा देहाय वमोजिमको वडास्तरीय खेलकुद विकास समिति गठन गरिनेछ **:-**

क) वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्ये अध्यक्षले तोकेको व्यक्ति - संयोजक

ख) वडा सदस्यहरु मध्ये वडा समितिले मनोनित गरको १ (एक) जना - सदस्य

ग) खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको सम्बन्धीत वडाको व्यक्तिहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ (एक) जना - सदस्य

घ) वडा अध्यक्षको सिफारिसमा वडा समितिले निर्णय गरेको विभिन्न विद्या सँग सम्बन्धीत २ (दुई) जना महिला सहित ३ (तीन) जना - सदस्य

ङ) वडा सचिव वा निजले तोकेको व्यक्ति - सदस्य सचिव

१०. **वडास्तरीय खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :** (१) वडास्तरीय खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ **:-**

क) वडा स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने/गराउने

ख) खेलकुदको स्तर वृद्धि गर्न नगरपालिका स्तरका विभिन्न विद्याका खेलकुद प्रतियोगितामा खेलाडीहरुलाई सहभागी गराउने ।

ग) नगर खेलकुद विकास समितिलाई खेलकुद विकास सम्बन्धी राय सल्लाह दिने ।

घ) खेलकुद सम्बन्धी क्लब संस्थालाई आर्थिक सहयोगको लागि नगरपालिका स्तरीय खेलकुद समिति समक्ष सिफारिस गर्ने ।

ङ) खेलकुदको विकासका लागि अन्य व्यवस्थाहरु गर्ने/गराउने ।

**११. समितिका सदस्यको पदावधि :** (१) मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ । पदावधि समाप्त भएपछी पनि निजहरु पुन**:** मनोनय हुन सक्नेछन । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) मनोनित सदस्यको पदावधि समाप्त नहुदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ (१) प्रक्रिया वमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले दिएको राजीनामा स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ। राजीनामाको कारण मनासिव देखिएमा राजीनामा स्वीकृत गर्ने अधिकार सम्बन्धीत समिति संयोजकलाई हुनेछ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको दुई तिहाइ बहुमतको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ तर हटाउनु पूर्व सम्बन्धीत सदस्यलाई एक पटक सफाईको मौका दिइनेछ ।

**१२. सदस्यको अयोग्यता :** (१) नगर खेलकुद समितिको अयोग्यता देहाय वमोजिम रहेन छ **:-**

(क) गैर नेपाली नागरिक,

(ख) कार्यरत वैतनिक कर्मचारी,

(ग) नैतिक पतन देखिने गरि फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको

(घ) मगज विग्रेको वा दिमागी सन्तुलन ठीक नभएको,

(ङ) २१ वर्ष उमेर पूरा नभएको ।

**१३. सदस्य समाप्त हुने अवस्था :** (१) नगर खेलकुद विकास समितिको सदस्य समाप्त हुने अवस्था देहाय वमोजिम रहनेछ **:-**

(क) दफा १२ वमोजिम सदस्यता बहाल रहन अयोग्य भएमा,

(ख) राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितलाई कारण सहितको सूचना नदिइ लगातार ३ (तीन) पटक भन्दा बढी

समितिको बैठकमा अनुपस्थित भएमा।

**१४. समितिको बैठक र निर्णय :** (१) नगर खेलकुद विकास समितिको बैठकको अध्यक्षता संयोजकले गर्ने छ तर निजको अनुपस्थितिमा जेष्ठ सदस्य ले बैठकको अध्यक्षता गर्नेछ।

(२) समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिक बैठक प्रत्येक ३ (तीन) महिनामा अनिबार्य बस्नुपर्ने छ तर आवश्यकता अनुसार समितिको बैठक बस्न रोक लगाएको मानिने छैन।

(४) जम्मा सदस्य संख्याको एक तिहाइ सदस्यहरुले मनासिव कारण देखाइ बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ७ दिन भित्र मा बैठक बोलाउनु पर्नेछ।

(५) बैठकमा उपस्थित सदस्यको बहुमतको राय मान्य हुनेछ।तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ।

(६) बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले तय गरे वमोजिम हुनेछ।

## परिच्छेद– ४
## खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**१५. खेलाडी तथा प्रशिक्षक सम्मान :** (१) समितिले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी भएका खेलाडी तथा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिन्नदन कार्यक्रम आयोजना गर्न सक्नेछ।

**१६. खेलकुद प्रतियोगिता सञ्चालन : (१)** टोल र बस्तीहरुको उत्कृष्ट खेलाडीहरु मध्येबाट वडास्तरको खेलाडी छनौट गरिनेछ। वडा स्तरको उत्कृष्ट खेलाडीहरु मध्येबाट नगरस्तरको खेलाडी छनौट गरिनेछ।

(२) नगर खेलकुद विकास समितिले स्वयम् वा दर्ता भएका टिम, क्लब वा संघसंस्था मार्फत अन्तर पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिता गर्न सक्नेछ।

(३) वडा स्तरीय खेलकुद समितिले नगरपालिका भित्रका वडाहरुलाई समेटी वडास्तरीय खेलकुद प्रतियोगिता गर्न सक्नेछ ।

(४) पुरस्कार वा अन्य खेल व्यवस्था सम्बन्धी खर्चको सिमा नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ।

**१७. खेलकुद प्रतियोगितामा सहभागिता :** (१) अन्तर स्थानीय तह, जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरका खेलकुदहरुमा नगरपालिकाको उत्कृष्ट खेलाडी वा टिम छनौट गरि सहभागिताको लागि पठाउन सक्नेछ।

(२) सहभागीको खर्चको मापदण्ड खेलकुद विकास समितिको सिफारिसमा कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**१८. खेलकुद तालिम तथा प्रशिक्षण सञ्चालन :** (१) नगर खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिनेछ ।

(२) नगर खेलकुद विकास समितिको सिफारिसमा प्रशिक्षार्थीहरु नगरपालिका बाहिर प्रशिक्षणमा सहभागी हुन पाउँनेछन ।

(३) नगरपालिका क्षेत्र भित्र कुनै खेलको प्रशिक्षण गर्नु परेमा खेल प्रशिक्षकको लागि नगर खेलकुद समितिको सिफारिसमा नगर कार्यपालिकाले प्रशिक्षक करार गर्न सक्नेछ ।

(४) प्रशिक्षार्थीको छनौट नगर खेलकुद विकास समितिले गर्नेछ ।

**१९. समितिले स्वीकृति लिनु पर्ने :** (१) खेलकुद प्रतियोगितामा नगरपालिका भन्दा बाहिर राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा नगरपालिका भित्र हुने खेलकुद प्रतियोगिता वा खेलकुदको विषयमा हुने सभा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमान्त्रण गर्न समितिले नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद– ५

## अनुशासनको कारवाही दण्ड सजाय र पुरस्कार

**२०. अनुशासनको कारवाही :** (१) खेलाडी प्रशिक्षक प्रशिक्षार्थी व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल आचारसंहितामा रहनुपर्ने छ ।

कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा समितिले पहिलोपटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ (तीन) पटक भन्दा बढी चेतावनी पाइसकेका खेलाडी/प्रशिक्षक/प्रशिक्षार्थी/व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगितामा सहभागी हुन तथा प्रशिक्षण, व्यवस्थापनमा सहभागी हुन नपाउने गरि गर खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ।

२१. **नगद पुरस्कार तथा सम्मान :** (१) उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफरिसमा नगरपालिकाले पुरस्कार तथा सम्मान गर्न सक्ने छ ।

## परिच्छेद – ६
## आचारसंहिता

२२. **आचारसंहिता पालना गर्नुपर्ने :** (१) खेल सम्बन्धी देहाय वमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ **:-**

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागू औषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

ख) प्रतिष्पर्धि टिमले तोकिए वमोजिम भन्दा बाहेक टिम बनाउन पाइने छैन ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

घ) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा दोषी ठहर भई सजाय पाएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड ट्रफि कहि कतै बेच्न धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर कुनै दर्तावाला क्लब विघटन हुन गई उक्त क्लबले प्राप्त गरेका शिल्ड ट्रफी नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लबलाई भने उपहार दिन भने बाधा पर्ने छैन ।

च) कुनै व्यक्तिलाई दिइएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई

राख्न पाइने छैन ।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो पक्ष लिई क्लापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइने छ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंकित गरि कार्टुन, चित्रकारिता, हुटिङ् व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलको विकास गरि प्रचार प्रसार र प्रतिस्प्रर्धात्मक क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ञ) नगरपालिकाको स्वीकृति र इजाजत लिइ उठाएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धीत समितिबाट पारित गरेर मात्र खर्च गर्न पाइनेछ ।

**२३. सौजन्यता :** (१) दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्नको लागि नगरपालिको पूर्व स्वीकृति लिनुपर्ने छ । संस्थाको सौजन्यबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरि खेल सञ्चालन गर्नुका साथै वितरण दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद – ७

## टिम, क्लब, खेलकुद संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

**२४. खेलकुद सम्बन्धी संस्था दर्ता :** (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून वमोजिम दर्ता भएको संस्थाले यस नगरपालिकामा समेत दफा (२५) वमोजिम दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी टिम क्लब संघ संस्थाले नगरपालिकाको खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

**२५. संस्था दर्ताको लागि दरखास्त दिनुपर्ने :** (१) समितिको लगतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायको विवरण खुलाई नगरपालिकको नियम अनुसार तोकिएको ढाँचामा दरखास्त दिनुपर्ने छ ।

क) संस्थाको नाम ठेगाना,

ख) सञ्चालन गरिने खेलकुदको किसिम र विद्या,

ग) कार्यकारी समितिका सदस्यहरुको नाम ठेगाना सम्पर्क नम्बर र पेशा।

(२) उपदफा (१) वमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले विधानको प्रतिलिपी समेत दरखास्तको साथ संलग्न गर्नुपर्नेछ।

## परिच्छेद – ८
## विविध

**२६. नगर खेलकुद विकास समितिको सचिवालय :** (१) नगर स्तरीय खेलकुद विकास समितिको सचिवालय नगरपालिकाले तोके वमोजिम हुनेछ।

**२७. कर्मचारी व्यवस्थापन :** (१) नगरपालिका स्तरीय खेलकुद समितिको कामलाई व्यवस्थित बनाउनका लागि खेलकुद व्यवस्थापन समितिको सचिवालयमा सहायकस्तरको १ कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

**२८. समितिको छाप र लेटरप्याड :** (१) नगरस्तरीय खेलकुद समितिको नाममा एउटा छुट्टै छाप र लेटरप्याड रहनेछ।

**२९. प्रतिवेदन पेश गर्नुपर्ने :** समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**३०. खारेजी र बचाउ :** (१) यस कार्यविधिमा उल्लेखित कुनै कुरा संघीय र प्रदेश कानूनसँग बाँझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

(२) यस अगाडि नियम अनुसार भए गरेका काम कारवाही यस कार्यविधि भएको हकमा यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

(३) यस कार्यविधिको कार्यान्वयननमा कुनै बाधा अड्काउ परेमा वा कुनै अस्पष्टता भएमा सोको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**३१. संशोधन सम्बन्धी व्यवस्था :** यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**आज्ञाले**

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत